# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

विषयः-<u>विविध समसामयिक विषयहरुमाथि छलफल गरी निर्णय गर्ने सम्बन्धमा ।</u>

प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृति प्राप्त मिति :-२०७७।०१।१९

१. **विषयको संक्षिप्त व्यहोरा**:-विविध समसामयिक विषयहरुमा निर्णय गर्न नगरपालिका अन्तरगतका विभिन्न शाखाहरुबाट विभिन्न प्रस्तावहरु निर्णयार्थ पेश भएका छन् ।

२. **प्राप्त परामर्श र अन्य सान्दर्भिक कुरा** :-विभिन्न शाखाहरुबाट निर्णयको लागि पेश भएका प्रस्तावहरु यथाशीघ्र निर्णय गरी कार्यान्वयनमा लिनु पर्ने देखिन्छ ।

३. **प्रस्ताव पेश गर्नुपर्नाका कारण र सम्बन्धित शाखाको राय** :-उल्लेखित विविध विषयहरुमा आवश्यक छलफल गरी यथाशीघ्र निर्णयमा पुग्नुपर्ने देखिन्छ ।

४. **निर्णय हुनुपर्ने व्यहोरा**:-उल्लेखित विविध विषयहरुमा निर्णय गरी प्रस्ताव स्वीकृत गर्न चौरजहारी नगर कार्यपालिका समक्ष प्रस्ताव पेश गर्न नगर प्रमुख ज्यूबाट स्वीकृति प्राप्त भएकोले चौरजहारी नगरपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ७ को अनुसूची १ को विषय सङ्ख्या ४ र विषय सङ्ख्या १५ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

### *निर्णय हुनुपर्ने विषयहरु*

(१) विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड १९ (नोभल कोरोना भाइरस) को सङ्क्रमण रोकथाम, नियन्त्रण र उपचारको लागि नगरस्तर तथा वडास्तरबाट सञ्चालित अभियानहरुको समिक्षा गरियो । नगरस्तर र वडास्तरमा निर्माण गरिएका संयन्त्रहरु (विपद् व्यवस्थापन समिति, आपूर्ति व्यवस्थापन समिति, Quick Response Team, स्वंयसेवक समूहहरु, सहकार्य इकाई (Cooperation Unit), हेल्थ हेल्प डेस्क इत्यादी) को एकीकृत एवम् समन्वयात्मक ढङ्गले प्रभावकारी रुपमा परिचालनको व्यवस्था गर्ने र लकडाउनको निर्णय पूर्ण, व्यवहारिक र प्रभावकारी रुपले कार्यान्वयन गर्ने तथा गराउने ।

(२) कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको लागि विपद् व्यवस्थापन समितिको निर्णयानुसार हालसम्म भए गरेका कार्यहरु (क्वारेन्टाइन तथा आइसोलेसनको सञ्चालन तथा व्यवस्थापन, हेल्थ हेल्प डेस्क स्थापना, सञ्चालन तथा व्यवस्थापन, तत्काल रोजगारीको अभावमा दैनिक गुजारा गर्न नसक्ने घरपरिवारहरुलाई राहत प्याकेज वितरण, अलपत्र परेका व्यक्तिहरुको उद्दार, नगरस्तरिय एवम् वडास्तरिय स्वयंसेवक समूह गठन तथा परिचालन, कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको लागि आवश्यक औषधि उपकरण खरिद, जनशक्ति व्यवस्थापन इत्यादी) र सो कार्यसँग सम्बन्धित खर्च अनुमोदन गर्ने । कोरोना भाइरस रोकथाम, नियन्त्रण र



राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

उपचारको लागि गरिने खर्च प्रणालीलाई मितव्ययी, कार्यदक्षतापूर्ण, पारदर्शी, यथार्थपरक, प्रभावकारी र औचित्यपूर्ण तुल्याउने । स्वीकृत मापदण्ड र निर्णयहरुको पूर्ण रुपमा परिपालना गर्ने ।

(३) लकडाउनको कारण दैनिक गुजारा गर्न कठिन अवस्थामा रहेका हिउँदे बाली भित्र्याउँदा समेत हातमुख जोर्न धौधौ भएका विपन्न घरपरिवारलाई स्वीकृत मापदण्डको आधारमा वडा कार्यालयबाट प्राप्त सिफारिस र नगरपालिकाबाट समेत आवश्यकता अनुसार स्थलगत अनुगमन गरी राहत प्याकेज उपलब्ध गराउने । वडा कार्यालयहरुबाट मापदण्ड विपरितका घरपरिवारहरुलाई राहत उपलब्ध गराउन सिफारिस नगर्ने । राहत प्राप्त गर्न योग्य घरपरिवारका सदस्यहरुलाई संभव भएसम्म काम उपलब्ध गराई दररेट अनुसारको ज्याला उपलब्ध हुने व्यवस्था मिलाउने ।

(४) आर्थिक वर्ष २०७६।०७७ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार सम्झौता भई कार्य आरम्भ भईसकेका निर्माणाधिन योजनाहरुको सन्दर्भमा कोरोना भाईरसको विश्वव्यापी महामारीको कारण देशमा लकडाउनको अवस्था कायम भएको भएतापनि निश्चित सामाजिक दूरी (Social Distance) कायम गर्दै निश्चित मजदूरमात्र सहभागि भई सुरक्षाका सबै उपायहरु अवलम्बन गरी निर्माण प्रक्रिया अगाडि बढाउने र यसको लागि नगरपालिकासँगको समन्वयमा सम्बन्धित वडा कार्यालयले आवश्यक व्यवस्था मिलाउने । आयोजनाहरुको कार्यान्वयन गर्दा तोकिएको परिमाण (Quantity), गुणस्तर (Quality) र लागत (Cost) सम्बन्धी मापदण्ड र शर्तहरुको हुबहु अनुसरण गर्ने । समपूरक अनुदान, विशेष अनुदान, पूर्वाधार विकास कोष, सशर्त अनुदानजस्ता फ्रिज हुने बजेटसँग सम्बन्धित आयोजनाहरुको कार्यान्वयन युद्धस्तरमा गर्ने । आयोजना कार्यान्वयनको लागि आवश्यक पर्ने निर्माण सामग्रीहरुको खरिद तथा आपूर्ति व्यवस्थापनको लागि नगरपालिकाले सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गरी सहजीकरण गर्ने ।

(५) नमूना कार्यालय संचालन सम्बन्धी मापदण्ड अनुसार नगरपालिकाभित्र स्वस्थ, सफा र गुणस्तरिय क्यान्टिन संचालन गरी नगरपालिकाका कर्मचारी, पदाधिकारी, जनप्रतिनिधि एवम् सेवाग्राहीलाई सुलभदरमा भोजन उपलब्ध गराउन नगर क्यान्टिन सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत गर्ने ।

(६) आधारभूत विद्यालय विजेश्वरीको लागि चौरजहारी नगरपालिका वडा नं. २ स्थित विजेश्वरीमा नयाँ पक्की भवन निर्माण भईसकेको सन्दर्भमा उक्त विद्यालयलाई नयाँ पक्की भवन बनेको स्थानमा स्थानान्तरण गरी शैक्षिक शत्र, २०७७ देखि नै उक्त स्थानबाट पठनपाठन हुने व्यवस्था



राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

मिलाउने । नगरपालिकाको कार्यालय सञ्चालनको लागि भाडामा लिएको भौतिक संरचना अपर्याप्त भएकोले एवम् जग्गा प्राप्तिको प्रक्रिया पूरा हुन बाँकी भई नयाँ प्रशासकीय भवन निर्माण गर्न थप समय लाग्ने भएकोले नगरपालिका कार्यालयसँगै जोडिएको उक्त विद्यालयको भौतिक संरचनामा आवश्यक मर्मत संभार गरी आवश्यकता अनुसार थप भौतिक संरचना समेत थप गरेर नगरपालिकाको प्रशासनिक कार्य सञ्चालनको लागि प्रयोग गर्ने । विद्यालयको पक्की भवन निर्माण गरिएको जग्गा नगरपालिकाको नाममा रहेको, हाल नगरपालिकाको कार्यालय रहेको स्थानको जग्गा प्राप्तिको लागि आवश्यक बजेट समेत व्यवस्था गरी जग्गा खरिदको प्रक्रिया अन्तिम चरणमा पुगेको र हाल विद्यालयको नाममा रहेको जग्गा नगरपालिकासँग जोडिएकोले एवम् नगरपालिकाको भौतिक संरचना निर्माणको लागि उपयुक्त रहेकोले नगरपालिकाको नाममा रहेको हाल विद्यालयको लागि पक्की भवन बनेको स्थानको जग्गा नगरपालिकाले विद्यालयको नाममा रजिष्ट्रेशन गरिदिन र विद्यालयको नाममा रहेको जग्गा विद्यालयले नगरपालिकाको नाममा रजिष्ट्रेशन गरिदिन आवश्यक प्रक्रिया अगाडि बढाउने । विद्यालय स्थानान्तरण गर्दा बालबालिकाको पठनपाठनमा कुनै असर नपर्ने भएकोले नगरपालिकाको नाममा रहेको जग्गामा विद्यालयको लागि भौतिक संरचना बनिसकेकोले सोही स्थानमा विद्यालय सञ्चालन गर्ने र विद्यालयको नामको जग्गामा रहेको पुरानो भौतिक संरचना नगरपालिकाको लागि उपयुक्त भएकोले उक्त भौतिक संरचनामा नगरपालिकाको प्रशासनिक कार्य सञ्चालन गर्ने ।

(७) चौरजहारी नगरपालिकाको आफ्नै भौतिक संरचना नरहेको, भाडामा कार्यालय सञ्चालन भईरहेको र भाडामा लिएको संरचना कार्यालय सञ्चालनको लागि अपर्याप्त रहेको एवम् चौरजहारी सिँचाई सबडिभिजनको नाममा रहेको उक्त संरचना हाल प्रयोगहिन रहेको तथा अब उप्रान्त पनि प्रयोग हुने अवस्था नरहेको, सिँचाई डिभिजन कार्यालय रुकुम (पश्चिम) जिल्लाको सदरमुकाम मुसिकोटमा रहेको, सोही स्थानबाट सिँचाई आयोजनाको आवश्यक अनुगमन र रेखदेख गर्न सकिने अवस्था रहेको सन्दर्भमा चौरजहारी नगरपालिका वडा नं. २ स्थित विजेश्वरीडाडाँमा टार सिँचाई आयोजना (चौरजहारी सिँचाई सबडिभिजन) ले पहिले प्रयोग गर्दै आएको कित्ता नं. ४४१, क्षेत्रफल १७७० वर्गमिटरको चौरजहारी सिँचाई सबडिभिजन कार्यालयको नाममा रहेको सरकारी जग्गा र सो जग्गामा बनेको भवन लगायतका भौतिक संरचना नगरपालिकाको प्रशासनिक कार्य सञ्चालनको लागि तत्कालै प्रयोग गर्ने । उक्त स्थानमै नगरपालिकाको प्रशासनिक भवन निर्माणको लागि जग्गा प्राप्तिको प्रक्रिया अन्तिम चरणमा पुगेको, सोसँगै जोडिएको आधारभूत विद्यालय विजेश्वरीलाई अन्यत्रै उपयुक्त स्थानमा स्थानान्तरण गरिएको र उक्त जग्गा नगरपालिकाको लागि आवश्यक भौतिक संरचना निर्माण गर्नको लागि उपयुक्त र आवश्यक

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

रहेकोले उक्त जग्गा र भौतिक संरचना नगरपालिकाको नाममा प्राप्त गर्ने गरी निर्णय हुन कर्णाली प्रदेश सरकार समक्ष लेखि पठाउने ।

(८) नगरपालिकामा आवश्यक फूल तथा विरुवाहरु रोप्न, खाली जग्गामा खनजोत गरी करेसारवारी निर्माण गर्न, रोपिएका फूल तथा विरुवाहरुको नियमित हेरचाह र रेखदेख गर्न एवम् बगैंचा, करेसावारी तथा सरसफाई सम्बन्धी अन्य कार्यहरु गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (८) बमोजिम एकजना बगैंचे करार सम्झौता बमोजिम पारिश्रमिक पाउने गरी भर्ना गर्ने ।

(९) नगरपालिका क्षेत्रभित्र कोही कसैले जुवातास खेलेमा, लागू पदार्थको सेवन वा ओसारपसार गरेमा वा यस्तै सामाजिक विकृति र विसङ्गतिजन्य कार्यहरु गरेमा त्यस्ता व्यक्तिहरुलाई सुरक्षा निकायको सहयोगमा नियन्त्रणमा लिई रु ५,०००।०० (पाँच हजार रुपैयाँमात्र) जरिवाना र कानून बमोजिमको थप सजाय गर्ने । सार्वजनिक पदधारण गरेका व्यक्तिहरुलाई उल्लेखित जरिवानाको दोब्बर रकम जरिवाना गर्ने । सुरक्षा निकाय, स्वयंसेवक समूह र नगर प्रहरीलाई एकीकृत र समन्वयात्मक रुपमा परिचालन गरी सामाजिक विकृति र विसङ्गतिका विरुद्धमा कडा कदम चाल्ने ।

(१०) श्री आधारभूत विद्यालय नाखिरा वडा नं. १ र श्री हिमालय माध्यमिक विद्यालय खोलगाउँ वडा नं. ११ मा अङ्ग्रेजी माध्यममा पठनपाठन हुँदै आएकोले ती विद्यालयका विद्यार्थीहरुको लागि विद्यालयले विगत शैक्षिक शत्रदेखि नै प्रयोगमा ल्याएको अङ्ग्रेजी माध्यमको पाठ्यपुस्तक खरिद गरी वितरण हुने व्यवस्था मिलाउने । अङ्ग्रेजी माध्यमको पाठ्यपुस्तक खरिद वापत लाग्ने बजेट सशर्त अनुदान अन्तर्गतको पाठ्यपुस्तक खरिद शीर्षकबाट व्यवस्थापन गर्ने ।

.....................
रामबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

२०७७/०९/२२

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत